तादी गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड : ६ संख्या : १ मिति :२०७९।०९।०६

भाग – २

**तादी गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**खरानीटार, नुवाकोट**

वागमती प्रदेश, नेपाल

## एकल महिला भत्ता वितरण तथा व्यवस्थापन कार्यविधि २०७९

(तादि गाउँ कार्यपालिकाबाट पारित तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।)

**प्रस्तावना**

संविधानको धारा १८ को उपदफा ३ मा व्यवस्था भएको समतामूलक (Equitable) प्रावधानको भावनालाई मनन गर्दै गाउँपालिका क्षेत्रभित्रका एकल महिलाहरुको दैनिक जिविकोपार्जनमा थप सहजिकरण गर्न तथा एक्लोपनको महशुस गर्न नदिई गाउँपालिकाले आफ्नो अभिभावकिय दायित्व पुरा गर्नु बाञ्छनीय भएकोले,

स्थानीय सरकार सञ्चालन ऐनको दफा १०२ बमोजिम यो एकल महिला भत्ता वितरण तथा व्यवस्थापन कार्यविधि २०७९ बनाई लागू गरिएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ**

(क) यस कार्यविधिको नाम **एकल महिला भत्ता वितरण तथा व्यवस्थापन कार्यविधि २०७९** रहेको छ ।

(ख) यो कार्यविधि कार्यपालिकाबाट पारित भएको मिति देखि लागू हुनेछ ।

## २. परिभाषा

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) "अध्यक्ष" भन्नाले तादी गाउँपालिकाका अध्यक्षलाई सम्झनु पर्दछ ।

(ख) "उपाध्यक्ष" भन्नाले तादी गाउँपालिकाका उपाध्यक्षलाई सम्झनु पर्दछ ।

(ग) " प्रमुख प्रशासकिय अधिकृत " तादी गाउँपालिकाका प्रमुख प्रशासकिय अधिकृतलाई सम्झनु पर्दछ ।

(घ) "वडा अध्यक्ष" भन्नाले तादी गाउँपालिकाको सम्बन्धित वडाको वडा अध्यक्षलाई सम्झनु पर्दछ ।

(ङ) "गाउँ सभा" भन्नाले तादी गाउँपालिकाको गाउँ सभा सम्झनु पर्दछ ।

(च) "गाउँ कार्यपालिका" भन्नाले तादी गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ ।

(छ) "एकल महिला" भन्नाले यसै कार्यविधिको दफा ४ को उपदफा क,ख र ग मा गरिएको व्यवस्था अनुसार हुने महिलाहरुलाई सम्झनुपर्छ ।

(ज) "वडा कार्यालय" भन्नाले तादी गाउँपालिकाका वडा कार्यालयहरुलाई सम्झनु पर्दछ।

(झ) "निवेदन" भन्नाले एकल महिलाहरुका लागि भत्ता लिने लाभग्राहिले दिएको कार्य विधिको अनुसूची १
बमोजिमको निवेदन सम्झनु पर्दछ ।

## ३. एकल महिलाहरुका लागि भत्ता वितरणका उद्धेश्यहरु :

(क) एकल महिलाहरुको दैनिक जिवनयापनलाई थप सहजीकरण गराउने ।

(ख) एकल महिलाहरुलाई एक्लोपनको महशुस हुन नदिने ।

(ग) अति विपन्न एकल महिलाहरुको पीडादायी जीवनलाई सरल र सहज बनाउन सहयोग पुऱ्याउने ।

## ४. एकल महिलाहरु लाई भत्ता वितरण गर्दा देहाय बमोजिमको प्राथमिकताक्रम अनुसार छनौट गर्नुपर्नेछ ।

(क) भत्ता वितरणको निर्णय गर्दा दोहोरो सुविधा नपर्ने गरी (नेपाल सरकारको नियमित सामाजिक सुरक्षा कार्यक्रम, तलब भत्ता वा निवृत्तिभरण लिईरहेका बाहेक ) निर्णय गर्नुपर्नेछ ।

(ख) ४० वर्ष भन्दा माथिल्लो उमेर सम्म **अविवाहित रहेका एकल महिलाहरु** । यस कार्यक्रममा आवद्ध भए
पछि कुनै महिलाले विवाह गरेमा यो भत्ता कार्यक्रम स्वतः कटौती गरिनेछ ।

(ग) १२ वर्षभन्दा बढि समयदेखि श्रीमान हराईरहेको वा बेपत्ता भएका **आर्थिक रुपमा अति कमजोर** महिलाहरु ।

घ) पहिलो श्रीमान संग सम्बन्ध विच्छेद गरि अर्को विवाह नगरेकी तथा न्यायीक पृथकीकरण गरि एकल रुपमा बसिरहेकी **आर्थिक रुपमा अति कमजोर** महिलाहरु ।

## ५. लाभग्राहीहरुको भुक्तानी प्रकृया देहायबमोजिम गर्नुपर्नेछ ।

(क) दफा ४ अनुसार योग्यता पुगेका एकल महिलाहरुले यस कार्यविधि अन्तर्गतको सुविधा चौमासिक रुपमा बैंक खातामार्फत भुक्तानी पाउनेछन् ।

(ख) यस कार्यविधि अनुसार योग्य लाभग्राहीहरुलाई पहिलो वर्ष निवेदन दिई समितीबाट स्वीकृत भएको मिति देखि  लागू हुने गरि भत्ता बापत मासिक रु १,०००। (अक्षरेपी एक हजार मात्र) का दरले वितरण गर्नुपर्नेछ ।

ग) यसरी विनियोजित रकमको अधिनमा रही कार्यक्रम सञ्चालन गर्दा लाभग्राहीको संख्या बढि भई लाभग्राहीको कुनै किस्ताको रकम अपुग भएमा सो रकम आगामी आ.व. को गाँउ सभामा प्रस्ताव राखी थप बजेट विनियोजन भई आएमा उपलब्ध गराइनेछ ।

घ) आवेदनको लागि सूचना प्रकाशित गर्दा लाभग्राहीको संख्या कम भई चालू आ.व.मा विनियोजित सबै रकम भत्ता वितरणमा मात्र खर्च हुन नसकेमा बाँकी रकमबाट लक्षित समुदायकै (एकल महिला) सशक्तिकरण तथा आय आर्जन सम्बन्धि कार्यक्रम सञ्चालन गराउन सकिनेछ ।

ज) आवश्यक कागजात पूरा भई बुँदा ६ (क) बमोजिमको सिफारिस समितिले निर्णय गरेपछि सम्बन्धित लाभग्राही निवेदकलाई यस कार्यक्रममा आवद्ध गरिनेछ ।

## ६. एकल महिला  भत्ता वितरण कार्यक्रम संचालन तथा व्यवस्थापन समिति सम्बन्धी व्यवस्था :

**(क)** गाउँपालिकामा एकल महिलाहरु लाई भत्ता वितरण कार्यक्रम सञ्चालनका लागि देहाय बमोजिमको व्यवस्थापन समितिको गठन गर्नुपर्नेछ ।

(१) गाउँपालिकाको उपाध्यक्ष – संयोजक
(२) गाँउ सभाको महिला सदस्य (एकल) मध्ये १ जना –सदस्य
(३) महिला शाखा प्रमुख –सदस्य सचिव

नोटः भत्ता वितरण सम्बन्धमा कुनै विवाद उत्पन्न भई खास निर्णय गर्नुपरेमा गा.पा को अध्यक्ष, प्रमुख प्रशासकिय अधिकृत तथा  लाभग्राहीहरुको सम्बन्धित वडाको वडाअध्यक्ष लाई आमन्त्रित सदस्यको रुपमा समितिको बैठकमा सहभागी गराउन सकिनेछ ।

**(ख) व्यवस्थापन समितिको काम, कर्तव्य देहाय बमोजिम हूनेछ**

(१) एकल महिलाहरुले आवश्यक कागजात सहित दिएको निवेदन संकलन गर्ने ।

(२) भत्ता माग गर्ने लाभग्राहीले अनुसूची १ बमोजिम पेश गरेको निवेदन र अन्य कागजातका आधारमा भत्ता दिन सकिने वा नसकिने व्यहोरा यकीन गरी सोही बमोजिम निर्णय गर्ने ।

(३) समितिको निर्णयबाट खर्च भएको भत्ता रकमको चौमासिक विवरण गाउँ कार्यपालिकाको बैठकमा पेश गरि अनुमोदन गराउनुपर्नेछ ।

(४) सञ्चालन समितिको सचिवालय गाउँ कार्यपालिकाको  कार्यालयमा रहनेछ । :

(५) समितिको बैठक आवश्यता अनुसार बस्न सक्नेछ ।

**७) गाँउपालिकामा एकल महिलाहरुलाई भत्ता वितरण कार्यक्रम सञ्चालनको लागि देहायबमोजिमको पुनरावलोकन समिति रहनेछ ।**

क) गाउँपालिका अध्यक्ष संयोजक

ख) प्रमुख प्रशासकीय अधिकृत सदस्य

ग) लेखा शाखा प्रमुख सदस्य

## ८. लाभग्राहीले पेश गर्नु पर्ने निवेदन र अन्य आवश्यक कागजातहरु

क) एकल महिलाहरुले  भत्ता प्राप्त गर्न अनूसूची १ बमोजिमको फाराम भरी गाउँपालिकामा पेश गर्नु पर्नेछ ।

ख) निवेदनसाथ **अविवाहित प्रमाणित पत्र** (वडा कार्यालय), सम्बन्ध विच्छेदको प्रमाणपत्र, न्यायीक पृथकीकरणको हकमा अदालतको पत्र, **पारिवारिक रुपमा असहाय र पुनः विवाह नगरेको** भनि सम्बन्धित वडा कार्यालयको सिफारिश अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

ग) निवेदन र तोकिएका अन्य कागजातहरु प्राप्त भएपछि मात्र समितिको बैठकमा निर्णयार्थ पेश गरिनेछ ।

## ९. खारेजी तथा बचाउ :

क) यस कार्यविधिमा व्यवस्था भएका कुराहरुको हकमा प्रचलित कानुन, स्थानिय सरकार संचालन ऐन २०७४ र तादी गाउँपालिकाको आर्थिक ऐनसंग बाझिएमा बाझिएको हदसम्म स्वतः खारेज हुनेछ ।

ख) यसअघि एकल महिला  भत्ता सम्बन्धी भएका निर्णयहरु यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

## १०. विविध :

क) यस कार्यविधिमा भएका प्रावधान हरुको सम्बन्धमा कुनै संशोधन गर्न मनासिव ठानेमा कार्यपालिकाको बैठकबाट आवश्यक संशोधन गर्न सकिनेछ ।

ख) यस कार्यक्रममा आबद्ध एकल महिलाहरुले प्रत्येक वर्षको श्रावण मसान्त सम्ममा आफ्नो आबद्धताको नियमित नविकरण गराउनुपर्नेछ ।

## अनुसुची-१

## एकल महिला भत्ता वितरण तथा व्यवस्थापन कार्यविधि २०७९ को दफा ६(१) संग सम्बन्धित

श्रीमान प्रमुख प्रशासकिय अधिकृत ज्यू
तादी गाउँपालिका ।

**फोटो**

**विषय :- एकल महिला भत्ताको लागि निवेदन पेश गरिएको सम्बन्धमा ।**

प्रस्तुत विषयमा नुवाकोट जिल्ला तादी गाउँपालिका वडा नं.........................टोल बस्ने ........................................... को नातिनी/ बुहारी.................................को छोरी/ श्रीमती वर्ष.........को म.......................................... हालसम्म देहायअनुसारको एकल महिलाको रुपमा जिवनयापन गर्दै आएकोमा मेरो आर्थिक अवस्था निकै कमजोर भएकोले तपशिलमा उल्लेख गरिएका कागजातहरु संलग्न राखी गाउँपालिकाबाट उपलब्ध गराईने एकल महिला भत्ता पाउन यो निवेदन पेश गरेको छु ।

**एकल महिलाको प्रकार :** अविवाहित............ । सम्बन्ध विच्छेद..... । न्यायीक पृथकीकरण (माना चामल लिएको)......... । श्रीमान बेपत्ता.............. । पारिवारिक रुपमा असहाय ................

**संलग्न कागजातहरु :√ लगाउनुहोस्**

१) नेपाली नागरिकताको प्रमाण पत्र को प्रतिलिपी
२) अविवाहित रहेको वडाको सिफारिश
३) सम्बन्ध विच्छेदको दर्ता प्रमाणपत्र*
४)न्यायिक पृथकीकरण को प्रमाणपत्र**
५) पुनः विवाह नभएको वडाको सिफारिश
६) विवाह दर्ताको प्रमाणपत्र**
७) पारिवारिक रुपमा असहाय सम्बन्धी सिफारिश

**निवेदक**

दस्तखत :
नाम :
ठेगाना :
सम्पर्क नं
मिति :

## अनुसूची २

### विपन्न नागरिकका लागि आवश्यक पहिचान

१) तल उल्लेखित अवस्थाका नागरिकहरुलाई वडा कार्यालयले विपन्न नागरिक भनी सिफारिस गर्नेछन् ।
(क) सम्बन्धित व्यक्ति वा परिवारको वार्षिक आम्दानीले ३ महिना देखि ६ महिनासम्म मात्र खान पुग्ने जुनसुकै उमेरका व्यक्ति ।
(ख) नेपाल सरकारले तोके बमोजिम वार्षिक औसत आम्दानी नभएको ।
(ग) स्वास्थ्य, शिक्षा र रोजगारमा पहुँच नभएको ।
घ) स्थानीय समाज तथा जनप्रतिनिधिबाट अति विपन्नताको सिफारिस भएमा ।
(ड) राजनितिक आन्दोलनका क्रममा सहिद, घाइते तथा वेपत्ता भएका व्यक्तिहरुका परिवार ।

(च) विविध कारणवस विस्थापनमा परेका घरबार विहिन व्यक्तिहरु ।

**आज्ञाले**
**प्रयास भट्टराई**
**प्रमुख प्रशासकीय अधिकृत**